## २. आर्थिक वर्ष २०६२।६३ को वार्षिक वित्तीय तथा भौतिक प्रगति

(रकम रु. हजारमा)

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रम | भौतिक प्रगति % मा | वित्तीय | | |
|---|---|---|---|---|---|---|
| | | | | बजेट | खर्च | प्रगति (%) |
| १ | ६१-३/४-११० | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय (वातावरण संरक्षण कार्यक्रम समेत) | ८२ | २६२०० | २४६७१ | ९० |
| २ | ६१-३/४-२०० | नीति निर्माण तथा संस्थागत सुदृढीकरण | ८४ | २३३५० | २१४६८ | ८५ |
| ३ | ६१-३/४-२०१ | जल विज्ञान कार्यक्रम | १०० | १९३६० | १९०२८ | ९८ |
| ४ | ६१-३/४-२०२ | हावापानी विज्ञान कार्यक्रम | ९७ | १८३४५ | १७६५४ | ९६ |
| ५ | ६१-३/४-२०३ | मौसम पूर्वानुमान | ९८ | ४७१० | ४६१२ | ९८ |
| ६ | ६१-३/४-२०४ | हिमनदी तथा हिम जल विज्ञान | ५९ | ५६७४ | ४१७२ | ७३ |
| ७ | ६१-३/४-२०५ | बाढी भविष्यवाणी | ८३ | ५६९५ | ४८३३ | ८५ |
| ८ | ६१-३-२१० | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ८५ | ३०००० | २७१७९ | ९० |
| ९ | ६१-३/४-२२० | वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र | ९४ | १२१३९५ | ९६९१८ | ८० |
| १० | ६१-४-२२१ | जैविक ग्याँस उत्पादन कार्यक्रम | ८७ | १६०२७६ | १३६५७१ | ८५ |
| ११ | ६१-३/४-२२२ | लघु जल विद्युत तथा वैकल्पिक उर्जा कार्यक्रम | ७४ | ३०३९५० | १८४५४१ | ६१ |
| १२ | ६१-३/४-२२३ | विद्युत विकास कोष सामुदायिक लघु जल विद्युत कार्यक्रम | १०० | १२१३३३ | ९२८१९ | ७७ |
| १३ | ६१-३/४-२२४ | ग्रामीण उर्जा विकास कार्यक्रम | ९० | ३३७२० | २७२७० | ८१ |
| १४ | ६१-३/४-२३० | सूचना प्रविधि पार्क आयोजना (सूचना प्रविधि उच्चस्तरीय आयोग समेत) | ८० | ५०००० | ३३६०६ | ६७ |
| १५ | ६१-३/४-२४० | वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति | १०० | १४८१२ | १२९२२ | ९० |
| १६ | ६१-३/४-२६० | नवीकरणीय उर्जा विकास कार्यक्रम | ६ | २९९५७ | ५२९३ | १८ |
| | | जम्मा | | ९६,८७,७७ | ७१३५५७ | |

## ३. आ.व. २०६२/६३ मा हासिल गरिएका महत्वपूर्ण उपलव्धीहरु :

- जैविक प्रविधि नीति तर्जुमा गरी र सूचना प्रविधि नीति २०५७ परिमार्जन गरी स्वीकृतिको लागि मन्त्रिपरिषदमा प्रस्तुत गरिएको ।
- राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट DNA परीक्षण कार्य आरम्भ भएको ।
- जनसाधारणका लागि दैनिक दुई पटक मौसम पूर्वानुमानका साथै हिमाली पदयात्री तथा पर्वतारोहण एवं प्रत्येक हवाई उडानका लागि मौसमी सूचनाहरु उपलव्ध गराएको ।
- नेपालका ५९ जिल्लाहरुमा १६ हजार ११८ वटा गोवरग्यास प्लाण्ट जडान गरी करिब ८८ हजार जनता बत्ती बाल्ने र खाना पकाउने कार्यका लागि उर्जा प्राप्त गरी लाभान्वित भएका ।
- नेपालका ३२ पहाडी जिल्लाहरुमा ५२ हजार ११२ वटा सुधारिएको चुल्हो जडान गरी करिव २ लाख ८६ हजार जनता लाभान्वित भएका ।
- राष्ट्रिय ग्रिड प्रणाली नपुगेका ३७ पहाडी जिल्लामा १८३२.४ कि.वा. लघु जलविद्युत उत्पादन भै करिब १८ हजार घरपरिवार विद्युत सेवावाट लाभान्वित भएका ।
- ६७ जिल्लामा १५३३४ वटा सौर्य घरेलु विद्युत प्रणाली जडान भै करिव ८२ हजार जनता विद्युत सेवाबाट लाभान्वित भएका ।
- १६ जिल्लामा १०४४ वटा सुधारिएको पानीघट्ट जडान गरी पहाडका ग्रामिण क्षेत्रमा कुटानी र पिसानी सुविधा उपलब्ध गराएको ।
- भक्तपुरको नगरकोटमा वेधशाला भवन (Observatory) निर्माण कार्य सम्पन्न भएको ।
- १२ वटा आयोजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरिएको ।
- नेपालका विभिन्न स्थानमा ७ वटा टेलिसेन्टर स्थापना भै ग्रामीण भेगका जनताको सूचना प्रविधिमा पहुँच पुगेको ।
- E-Government Master Plan को मस्यौदा तयार गरिएको ।

## ४. आयोजना/कार्यक्रमगत २०६२।६३ को वार्षिक लक्ष्य तथा प्रगति

### ४.१. नीति निर्माण तथा तथा संस्थागत सुदृढीकरण

| क.सं. | भौतिक | |
|---|---|---|
| | लक्ष्य | प्रगति |
| १ | विज्ञान प्रविधि सम्वन्धी भारत संग सम्पन्न सम्झौता तथा Programme of Cooperation कार्यान्वयनका लागि विज्ञान प्रविधि दिवश-१, संयुक्त वैठक, अध्ययन/अवलोकन भ्रमण आदान प्रदान गर्ने | भारत सरकार संग पत्राचार भैरहेको तर संयुक्त वैठक संचालन एवं अध्ययन भ्रमण हुन नसकेको । |

| | | |
|---|---|---|
| २ | विज्ञान प्रविधि नीति कार्यान्वयन, विज्ञान प्रविधि कानून, परमाणु नीति, वैकल्पिक उर्जा नीति, जैविक प्रविधि नीति निर्माण (गोष्ठी ६ वटा) गर्ने । | जैविक प्रविधि नीति र ग्रामीण उर्जा नीति तर्जुका गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा प्रस्तुत गरिएको र परमाणु उर्जा नीतिको मस्यौदा तयार भएको । |
| ३ | विद्युतीय सुशासन, राष्ट्रिय सूचना बैंक, कम्प्यूटर अभिलेखीकरण, वेव साईट विकास गर्ने । | http:// www.nitc.gov.np |
| ४ | ISP सन्चालनलाई निरन्तरता एवं क्षमता विस्तार तथा सुपर कम्प्यूटर जडान गर्ने | ISP सन्चालनलाई निरन्तरता दिई विभिन्न केन्द्रिय निकायहरुलाई इन्टरनेट र ईमेल सुविधा उपलब्ध गराईएको । सुरक्षणका लागि Fire Wall जडान गरिएको । |
| ५ | प्रविधि अध्ययन संस्थानको लागि स्थान छनौट सम्बन्धी कार्य गर्ने । | भारत सरकार संग निरन्तर सम्पर्क गरिएको । |
| ६ | विज्ञान र प्रविधिको क्षेत्रमा कार्यरत संघ संस्था र व्यक्तिहरुको विज्ञान तथा प्रविधि विकास तथा प्रवर्द्धन कार्यमा सहभागिता जनाउने । | विज्ञान र प्रविधिको क्षेत्रमा प्रविधि प्रवर्द्धनका लागि एकजना व्यक्तिलाई रु ५८ हजार सहयोग उपलब्ध गराईएको । |
| ७ | स्वदेशी ग्रामीण प्रविधि सम्बन्धी प्रदर्शनी (काठमाण्डौ उपत्यका वाहिर) गर्ने । | धरानमा स्वदेशी ग्रामीण प्रविधि सम्वन्धी प्रदर्शनी गरी ग्रामीण प्रविधि सम्वन्धी Documentry तयार गरिनुका साथै नेपाल टेलिभिजनवाट प्रशारण गरिएको । |
| ८ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सुदृढीकरण (जनशक्ति विकास र उपकरण खरीद) गर्ने । | प्रयोगशालाका २ जना कर्मचारीलाई भारतमा DNA तालिम उपलव्ध गराईएको । DNA परीक्षण प्रारम्भ भएको साथै प्रयोगशालाको लागि Safety Cabinet, Water Purification, Computer लगायतका उपकरण खरिद गरिएको । |
| ९ | आन्तरिक जनशक्ति विकासका लागि तालिम प्रदान गर्ने । | मन्त्रालयका २ जना कर्मचारीलाई भारतमा सूचना प्रविधि सम्वन्धी तालिम उपलव्ध गराईएको । |
| १० | विकास आयोजनाहरुको स्थलगत अवलोकन गर्ने । | जल तथा मौसम विज्ञान विभाग र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट संचालित केही कार्यक्रमको स्थलगत अनुगमन गरिएको । |
| ११ | परमाणु प्रविधि : विकिरण सम्वन्धी अध्ययन/प्रतिवेदन कार्यान्वयन गर्ने । | Nuclear Material used in Nepal' सम्वन्धी अध्ययन गरी Status Report तयार गरिएको । |
| १२ | पुस्तक खरिद, डिजिटाइजेशन गर्ने । | पुस्तकालयका केही पुस्तकहरुको अभिलेख Digitazition गरिएको र आवश्यक केहि पुस्तक खरिद गरिएको । |

## ४.२. वातावरण संरक्षण कार्यक्रम

| क.स. | भौतिक | |
|---|---|---|
| | लक्ष्य | प्रगति |
| १ | वातावरण व्यवस्थापन तथा प्रवर्द्धन केन्द्र स्थापना सम्बन्धी कार्य गर्ने | कार्यप्रगति हुन नसकेको । |
| २ | विराटनगर उप-महानगरपालिका स्थित SEAM-N | अनुदान दिईएको |

| | | |
|---|---|---|
| | MMA वातावरणीय प्रयोगशालालाई अनुदान दिने | |
| ३ | काठमाण्डौ उपत्यकाको वायु गुणस्तर अनुगमन गर्ने कार्यमा निरन्तरता दिने | ६ वटै केन्द्रहरुवाट नियमित रुपमा तथ्यांक लिई अनुगमन गरिएको । |
| ४ | वातावरण स्थिति प्रतिवेदन तयार गर्ने | प्रतिवेदन तयार भएको |
| ५ | वातावरण दिवस (जुन ५) मनाउने | “नछोडौं जमिन सुख्खाः वनाऔं भूमि उर्वरा” नाराका साथ विभिन्न कार्यक्रम गरी विश्व वातावरण दिवस, २००६ मनाईएको । |
| ६ | EIA तथा IEE गर्ने विशेषज्ञ र परामर्शदाताहरुका लागि अनुमति प्रथा लागू गर्ने आधार तयार गर्ने | अनुमति प्रथा लागू गर्ने सम्वन्धी आधार तयार भएको । |
| ७ | इसिमोडलाई सदस्यता शुल्क एवं अनुदान दिने । | अनुदान दिइएको । |
| ८ | वातावरण संरक्षण कोषमा अनुदान दिने । | अनुदान दिइएको । |
| ९ | ५ स्थानमा वातावरणीय मापदण्ड पालना र अनुगमन तालिम संचालन गर्ने । | विराटनगर, विरगञ्ज, पोखरा, भैरहवा, र नेपालगञ्जमा तालिम सम्पन्न भएको । |
| १० | काठमाण्डौ उपत्यकाका लागि वायु प्रदूषण व्यवस्थापन कार्ययोजना निर्माण गर्ने | कार्ययोजना निर्माण सम्वन्धी अन्तिम प्रतिवेदन तयार भएको । |
| ११ | औद्योगिक तथा सहरी भूउपयोग नक्साँकनका लागि पूर्वाधार तयार गर्ने । | कार्यप्रगति हुन नसकेको । |
| १२ | रणनीतिक वातावरणीय मूल्यांकन प्रणाली (SEA) लाई कानूनमा समावेश गर्ने संभाव्यता अध्ययन गर्ने । | सम्भाव्यता अध्ययन सम्पन्न भएको । |
| १३ | औद्योगिक निष्काशन, प्राकृतिक तथा सवारी साधन सम्बन्धी विभिन्न ५ वटा मापदण्ड निर्धारण गर्ने । | ध्वनी प्रदूषण मापदण्ड, सतही जलको मापदण्ड, इलेक्ट्रोप्लेटिङ्ग र पेन्टस तथा शहरी फोहरमैलाको निर्देशिका र मापदण्डको मस्यौदा तयार भएको । |
| १४ | वातावरण मैत्री आर्थिक नीतिहरुलाई पहिचान गर्ने । | वातावरण मैत्री आर्थिक नीति पहिचान सम्वन्धी प्रतिवेदन तयार भएको । |
| १५ | औद्योगिक प्रदूषण नियन्त्रण सम्वन्धी डेमोन्स्ट्रेटिभ प्रोजेक्ट संचालन गर्ने ।<br>क. स्वच्छतर उत्पादन<br>ख. उर्जा वचत | कार्यप्रगति हुन नसकेको । |
| १६ | राष्ट्रिय संपदा संरक्षण कार्यक्रम (फेवाताल जलकुम्भी झार सफाई) सम्बन्धी कार्य गर्ने । | पोखरा उप महानगरपालिका संग साझेदारी निर्माण गरी सफाई कार्य सम्पन्न । |
| १७ | वातावरणीय क्षेत्रमा उल्लेख्य योगदान गर्ने संघ, संस्था वा व्यक्ति (महिला समेत) लाई पुरस्कृत गर्ने । | वातावरण संरक्षणको क्षेत्रमा कार्यरत ४ वटा संघ संस्था ( महिला समेत) लाई वातावरण पुरस्कार प्रदान गरिएको । |
| १८ | वातावरणीय प्रभाव मूल्यांकन सुझाव समितिको बैठक वस्ने । | नियमितरुपमा वैठक वसी १२ वटा विकास आयोजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरिएको । |
| १९ | अधिराज्यका ५ जिल्लामा प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन संम्बन्धी परिचयात्मक गोष्ठी संचालन गर्ने । | धनकुटा, विरगञ्ज, हेटौडा, भैरहवा र कैलालीमा IEE र EIA सम्वन्धी परिचयात्मक गोष्ठी सम्पन्न गरिएको । |
| २० | महासन्धी कार्यान्वयन तथा वातावरणीय जन चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने । | ३ वृत्तचित्र, २ रेडियो स्पट र १ Stockholm Convention सम्वन्धी प्रतिवेदन प्राप्त भएको । |
| २१ | वातावरणीय कानून एवं निर्देशिका परिमार्जन गर्ने । | कानून एवं निर्देशिका परिमार्जनका लागि मस्यौदा तयार भएको । |

| | | |
|---|---|---|
| २२ | प्रदुषण नियन्त्रण तथा अनुगमन गर्ने । | प्रदुषण जन्य केहि उद्योगहरु (विराटनगर, विरगञ्ज र काठमाण्डौमा अवस्थित) को अनुगमन गरिएको । |